
ICAN Newsletter
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

वर्ष १०, अंक १ | असोज, २०७५, September, 2018

प्रिय मित्रहरू,



अध्यक्षको हैसियतमा संस्थाका केही कुराहरू यहाँहरूसँग राख्न पाउनुलाई मैले अवसरको रूपमा लिएको छु । केही कुरा राख्न पाएकोमा सर्वप्रथम म वर्तमान र पूर्व परिषद् सदस्यहरू लगायत संस्थाका सदस्यहरूलाई २०१७/१८ को लागि उपाध्यक्ष र २०१८/१९ को लागि अध्यक्षको पदमा निर्वाचित गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

संस्थाका पूर्व अध्यक्ष लगायत परिषद्का पूर्व पार्षद्हरूलाई संस्थाको विकास लगायत लेखा व्यवसायलाई गौरवको विषयवस्तु बनाउन पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु । यस आठौं परिषद्ले सवै कोणबाट संस्था तथा लेखाव्यवसायको विकासको निमित्त सहयोग प्राप्त गर्ने छ भन्ने विश्वास लिएको छु ।

२०१८/१९को लागि सिए. कृष्णप्रसाद आचार्य उपाध्यक्ष पद्मा निर्विरोध निर्वाचित हुनु भएकोमा बधाई दिन चाहन्छु । उहाँको अनुभव, व्यावसायिक क्षमताले सदस्यहरूलाई लाभ पुग्ने कुरामा म विश्वस्त छु । नेपाल सरकारबाट आठौं परिषद्मा मनोनित हुनु भएका पार्षद्हरू, चार्टर्ड एकाउन्टेन्टहरूको तर्फबाट निर्वाचित हुनु हुने सदस्यहरू लगायत रजिर्ष्टर्ड अडिटर तर्फ आठौं परिषद्मा निर्विरोध निर्वाचित हुनु भएका सदस्यहरूलाई बधाई दिन चाहन्छु साथै उहाँहरूको अनुभवबाट व्यवसायको विकासमा उल्लेख्य सहयोग प्राप्त हुने कुरामा विश्वस्त छु ।

यसका अलावा संस्थाका निवर्तमान अध्यक्ष सिए. प्रकाशजंग थापाले संस्थालाई पुऱ्याउनु भएको योगदान प्रति आभार व्यक्त गर्न चाहन्छु । अघिल्लो परिषद्ले तयार पारेको रणनैतिक योजना (२०१८/२०) हाम्रो लागि मार्ग चित्रको रूपमा रहने छ ।

प्रिय मित्रहरू,

Robert Frost को एउटा कविताको अंश प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

The woods are lovely, dark and deep. But I have promises to keep. And miles to go before I sleep, and miles to go before I sleep.

हामी संस्थालाई उत्कृष्ट केन्द्रको रूपमा स्थापित गर्न सफल भएका छौं । सदस्यहरूले समाज तथा राष्ट्रको निमित्त पुऱ्याउनु भएको योगदानबाट सदस्यहरू संस्थाका सच्चा दुतको रूपमा स्थापित भएको विश्वास लिएको छु । तर यति मात्र पर्याप्त अवस्थै पनि होइन, धेरै गर्न बाँकी रहेको छ । संस्थाको बागडोर मलाई सुम्पिएको छ तसर्थ मैले संस्थाको विकास तथा व्यवसायको विकासको निमित्त कुनै कसर नराखी बाँकी काम गर्नु छ । व्यवसाय प्रति मेरो लगाव अत्यन्तै रहेको छ । नैतिकवान व्यवसायी समाजका सम्पत्ति हुन् जसले सम्बन्धित क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछन् । त्यसका अलावा संस्थाका सदस्यहरूको राष्ट्र निमार्णमा महत्वपूर्ण भूमिका रहेको हुन्छ र विश्वसनीयता अभिबृद्धिको लागि समेत प्रमुख पात्रको रूपमा भूमिका रहेको हुन्छ । गान्धीजीले भनेका छन् "be the change you want to see in the world".

अब म संस्थाले तय गरेको कार्यहरू र मेरो कार्यकालमा गर्ने कार्य योजनाका बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु । कार्ययोजनाहरू संस्थाको व्यवस्थापकीय समूह, पार्षद् मित्रहरूको प्रभावकारी सहभागिता र अन्य सरोकारवालाहरूको सहयोगबाट सम्पन्न हुनेमा म आशावादी छु ।

### पूर्व अध्यक्षहरूको नेतृत्वमा समितिहरू

पूर्व अध्यक्षहरू तथा पार्षद्हरूको अनुभव तथा ज्ञान संस्थाका महत्वपूर्ण सम्पत्ति हुन् । उहाँहरूको निरन्तर योगदानलाई कदर गर्दै यस आठौं परिषद्ले संस्थाको धेरैजसो अस्थाई समिति उहाँहरूको सभापतित्वमा निमाण गरी उहाँहरूको अनुभव तथा ज्ञानलाई व्यावसायिक विकास लगायत अन्य क्षेत्रमा प्रयोग गर्ने निर्णय गरेको छ । मैले सपथ ग्रहण गर्ने क्रममा गरेका वाचाहरू उहाँहरूको योगदानबाट सफल हुनेमा म विश्वस्त छु ।

## अध्यक्ष, उपाध्यक्ष तथा आठौं परिषद्का सदस्यहरूको सपथ ग्रहण कार्यक्रम

२०७५ श्रावण १ गते नव निर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा आठौं परिषद्का सदस्यहरूको सपथग्रहण कार्यक्रम सम्पन्न भयो ।

सो समारोहमा संस्थाका तत्कालीन अध्यक्ष सिए. प्रकाशजंग थापाले आफ्नो कार्यकालमा संस्थाले हासिल गरेको प्रगति विवरण प्रस्तुत गर्नु भयो । उहाँले आफ्नो कार्यकाल सफल बनाउन सहयोगी भूमिका खेल्नुहुने सम्पूर्ण संघ संस्था, व्यक्तिहरूलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।




*माननीय महालेखापरीक्षक नव निर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा पार्षद् सदस्यहरूलाई सपथ ग्रहण गराउनु हुँदै ।*

कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको समुपस्थितिमा माननीय महालेखापरीक्षक टंकमणि शर्मा (दंगाल)ले नव निर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा आठौं परिषद्का सदस्यहरूलाई सपथग्रहण गराउनु भयो । अध्यक्षको सपथग्रहण पश्चात निवर्तमान अध्यक्ष सिए. प्रकाशजंग थापाले नव नियुक्त अध्यक्ष सिए. जगन्नाथ उपाध्याय (निरौला) लाई President Medallion लगाई दिई अध्यक्षको जिम्मेवारी सुम्पनु भयो । तत्पश्चात नव निर्वाचित अध्यक्ष उपाध्यायले नव निर्वाचित उपाध्यक्ष सिए. कृष्णप्रसाद आचार्यलाई सपथ ग्रहण गराउनु भयो ।




*निवर्तमान अध्यक्ष प्रकाशजंग थापाद्वारा नव अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलालाई President Medallion हस्तान्तरण गर्नु हुँदै ।*

अध्यक्षको पदभार ग्रहण गर्दै नव निर्वाचित अध्यक्ष उपाध्यायले संस्थाको २२ औं अध्यक्षको हैसियतमा आफ्नो जिम्मेवारी सम्हाल्दै अध्यक्षको गरिमामय पदमा जिम्मेवारी प्रदान गरेकोमा पार्षद् सदस्यहरूलाई धन्यवाद दिनु भयो । उहाँले संस्थाको गरिमालाई थप उचाईसम्म पुऱ्याउन र लेखा तथा लेखा व्यवसायको विकासमा निरन्तर रूपमा लागि पर्ने धारणा राख्नु भयो । उहाँले अध्यक्षको जिम्मेवारी पूरा गर्न पार्षद सदस्य, पूर्व अध्यक्षहरू, संस्थाका कर्मचारीहरू लगायत सरोकारवालाहरूको सहयोग प्राप्त हुनेमा विश्वस्त रहेको धारणा राख्नु भयो । अध्यक्षले आफ्नो कार्यकालमा गर्ने कामको विवरण पनि प्रस्तुत गर्दै संस्थाको रणनीतिक योजना अनुसार अगाडि बढ्ने धारणा प्रस्तुत गर्नु भयो ।

## शिक्षा

विद्यार्थीहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि संस्थाको प्रमुख चाँसोको विषय हो । शैक्षिक प्रणालीमा द्रुत परिवर्तन भएको छ तसर्थ हामीले विश्व जगतसँगको प्रतिस्पर्धालाई ध्यानमा राख्नु जरूरी छ । त्यसकारण, परिषद्ले तीनवटै तहको परीक्षाको नयाँ पाठ्यक्रम अन्तर्राष्ट्रिय मान्यता प्राप्त संस्थाहरूसँगको twinning arrangement को आधारमा स्वीकृत गरिसकेको छ, जुन यसै बर्षदेखि कार्यान्वयनमा आउने छ । परीक्षाका प्रश्नहरू पनि नयाँ स्वीकृत पाठ्यक्रम अनुसार तयार पारिने छ ।

लेखा शिक्षाको गुणस्तर अभिबृद्धि गर्न देशका राष्ट्रिय विश्वविद्यालयहरूसँग प्राविधिक सहकार्यलाई बढावा दिने योजना बनाएको छ । यस सहकार्यबाट संस्था, साझेदार बिश्वबिद्यालय लगायत राष्ट्रलाई समेत लाभ पुग्नेमा मलाई विश्वास छ ।

संस्थाका सदस्यहरूले वार्षिक शुल्क online मार्फत बुझाउन सक्ने व्यवस्था संस्थाले गरिसकेको कुरा यहाँहरूलाई जानकारी भएकै विषय हो । यस वर्षबाट संस्थाका विद्यार्थीहरूले पनि online payment गर्न सक्ने व्यवस्था गरिने छ । यस व्यवस्थाले विद्यार्थीहरूको समयको बचतको साथै सेवा क्षमतामा समेत अभिबृद्धि हुनेछ ।

यसबर्ष आर्टिकल ट्रेनीको नियमनको लागि अनुगमन निर्देशिका तयार पारिने छ जसले प्रिन्सिपल तथा आर्टिकल ट्रेनीलाई मार्ग निर्देश गर्ने छ ।

सिए शिक्षालाई लगनशील र क्षमतावान विद्यार्थीहरूको आकर्षक छनौट बनाईने छ । संस्थाले लगनशील तथा क्षमतावान विद्यार्थीहरूलाई विभिन्न तहमा वार्षिक रूपमा छात्रबृत्ति प्रदान गर्दै आएको छ । विद्यार्थीहरू आकर्षित गर्न अझ बढी छात्रबृत्तिको व्यवस्था गरिने छ ।

लेखा प्रविष्ट, लेखा तयारी, Tax र VAT filing, वित्तीय विवरण तयारी आदिको लागि लेखा प्राविधिज्ञको माग बढ्दो छ । औधोगिक तथा सेवा क्षेत्रमा मध्यम स्तरीय लेखा व्यवसायी तथा व्यावसायिक लेखापालकको सहायकको रूपमा लेखा प्राविधिज्ञको आवश्कता देखिएको छ । तसर्थ लेखा प्राविधिज्ञको क्षमता अभिबृद्धि गरिने छ र यस पेशालाई बढी आकर्षक बनाइने छ ।

## सदस्यता तथा व्यावसायिक क्षमता विकास

संस्थागत प्रणाली सूचना प्रविधिको विकास र स्वचालित पद्दतिको कारण परिवर्तन भैरहेका छन् । यसले हाम्रो पेशामा पनि असर गरिरहेको छ । तसर्थ हामी पेशाकर्मीहरूले पनि सोही अनुरुप आफूलाई तयार पार्नु पर्दछ । आवश्यक क्षमता विकास कार्यक्रम मार्फत रहेका खाडललाई भर्ने प्रयत्न गरिने छ ।

संघीय प्रणालीमा देश गएको अवस्थामा कार्यान्वयन प्रणाली, उत्तरदायित्व अभिबृद्धि, पारदर्शिता र दिगोपना प्रमुख चुनौतिको रूपमा रहेका छन् । यी चुनौतिहरूको सहजीकरणको लागि संस्था विभिन्न स्थानीय निकाय, केन्द्र तथा संघीय निकायहरूसँग आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रदान गर्न सहकार्य गरी अघि बढ्न तयार रहेको छ । त्यसको अलावा नियमनकारी निकायहरूसँग आपसी सहकार्य तथा अन्तरक्रिया गरिने छ ।

संस्थाले नेपाल वित्तीय प्रतिवेदनमानका केही शीर्षकहरूलाई केही समयको लागि छुट प्रदान गरी बैंकिङ्ग, बीमा तथा अन्य क्षेत्रहरूमा लागु गरिसकेको छ । आगामी वर्ष देखि साना तथा मझौला स्तरका निकायहरूमा पनि नेपाल वित्तीय प्रतिवेदनमान लागु गर्ने योजना रहेको छ । त्यसको अलावा संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धी तालिम कार्यक्रमहरू विभिन्न निकायहरू तथा सदस्यहरूलाई प्रदान गर्ने योजना बनाएको छ । नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धी सूचनामूलक पुस्तक सहज तरिकाले अध्ययन गर्न सकिने गरी प्रकाशित गरिने छ । परिषद्ले नेपाल वित्तीय प्रतिवेदनमान सहज तरिकाले कार्यान्वयन गर्ने उद्देश्यले दुईवटा समिति (वित्तीय तथा गैर वित्तीय) को स्थापना गरेको छ ।

सी.पी.ई. तालिम सदस्यहरूको ज्ञान र क्षमता अद्यावधिक गर्नको निम्ति आवश्यक पर्दछ । संस्थाले IFAC को statement of obligations (SMOs) को आधारमा यस वर्ष देखि लागु हुने गरी सी.पी.ई. क्रेडिट आवर बृद्धि गर्ने निर्णय गरेको छ । संस्थाले नियमित रूपमा NFRS कक्षा संचालन गर्ने पहल गर्ने छ । यसै बर्षदेखि online CPE लागु गरिने छ । सदस्यहरूको पेशागत कार्य क्षेत्र तथा ईच्छा अनुसार सी.पी.ई. मोडुलमा परिवर्तन गर्ने प्रयत्न गरिने छ ।

महिला सशक्तिकरण सधैं संस्थाको प्राथमिकताको क्षेत्र रहँदै आएको छ । संस्थाका महिला सदस्यहरूको ज्ञान, शीप र क्षमताबाट संस्थाले धेरै कुरा प्राप्त गर्नु छ । संस्थाले विविध क्रियाकलापमा महिला सहभागिता बृद्धि गर्नको लागि महिला सशक्तिकरण समितिको गठन गरेको छ । संस्थाको ईतिहासमा यस परिषद्ले दुई महिला (निर्वाचित र मनोनित) प्राप्त गरेको छ । भविष्यमा पनि अझ बढी महिला सहभागिता रहने र यस समितिले संस्थामा महिला सहभागिता बृद्धि गर्न सफल हुनेछ भन्ने विश्वास लिएको छु ।

देश संघीय संरचनामा गए पश्चात संस्था पनि संघीय संरचना अनुरूप प्रत्येक क्षेत्रमा क्षेत्रीय परिषद्को स्थापना गर्ने प्रयासमा रहेको छ । प्रथम चरणमा संस्थाले शाखाको भवन निर्माणको लागि स्थानीय सरकारसँग जग्गा प्राप्तिको लागि पहल गरिरहेको छ । यस सन्दर्भमा शाखामा रहेका मित्रहरूलाई यो क्रमलाई अझ द्रुत गतिमा अगाडि बढाउन आग्रह गर्दछु । शाखामा रहेका मित्रहरूले प्रदेश तथा स्थानीय सरकारसँग नजिक रही सम्बन्धित तहमा आफ्नो बलियो स्थिति बनाउनु हुनेछ भन्ने विश्वास लिएको छु । यस प्रयत्नले शाखाको व्यावसायिक क्षमता बृद्धि हुनुका साथै व्यावसायिक आवाज बुलन्द र आफ्नो उपस्थिति बलियो हुनेछ ।

संस्था लोक सेवा आयोगसँग सरकारी सेवा तथा राज्य अन्तर्गत रहेका निकायहरूमा संस्थाका सदस्यहरूको लागि नयाँ पद सृजनाको लागि सहकार्य गर्दै अगाडि बढ्ने छ । यस सहकार्यले ती निकायहरूले गुणस्तरीय लेखा तथा विशेषज्ञता सेवा प्राप्त गर्ने विश्वास मैले लिएको छु ।

नेपाल सरकारले बजेट निर्माण गर्नु अघि सरकारलाई सुझाव दिन बजेट सम्बन्धी अन्तरक्रिया कार्यक्रम र बजेट निर्माण पश्चात सो को समीक्षाको लागि अर्को अन्तरक्रिया कार्यक्रमको आयोजना गरिने छ ।

## गुणस्तर नियन्त्रण

संस्थाले सधैं गुणस्तरीयतालाई आत्मसात गर्दै आएको छ । जस अनुरूप गुणस्तरीयता अभिबृद्धिको लागि Code of Ethics of International Ethics Standards Board for Accountants (IESBA), २०१६ अनुरूप संस्थाको विद्यमान व्यावसायिक आचार संहितालाई परिमार्जन गरेको छ । यसै सन्दर्भमा संस्थाले आफ्ना सदस्यहरूको सचेतनाको लागि यस सम्बन्धी विविध कार्यक्रमहरू गर्ने छ ।

संस्थाका सदस्यहरूले लेखापरीक्षण सम्बन्धी प्रदान गरेका सेवाहरूको गुणस्तरीयताको परीक्षण गरी नियमन गरिने छ । संस्थाले जारी गरेको आचार संहिता, निर्देशन, नियम तथा नियमावली पालना नगर्ने सदस्यहरूलाई कारवाहीको दायरामा ल्याईने छ । नियमनको निमित्त संस्थाले आन्तरिक राजस्व विभाग तथा कम्पनी रजिष्ट्रारको कार्यालयसँग सूचना आदान प्रदानको लागि Software विकासको प्रयास गरेको छ । यस softwareको माध्ययमबाट नीतिगत कामको बढावा भई अवाञ्छित काममा कमी आउने विश्वास लिएका छौं ।

गुणस्तर आश्वस्तता बोर्डले स्वतन्त्र लेखा परीक्षकको सहायतामा लेखापरीक्षण फर्मको गुणस्तर परीक्षणको काम थालनी गरेको छ । यस बोर्डको स्थापनाबाट प्रभावकारी नियमन र गुणस्तरीय लेखा परीक्षणको काममा बढावा मिल्ने छ । बोर्डले गर्ने काम लेखापरीक्षण गुणस्तर बढावाको लागि कोषेढुङ्गा सावित हुने विश्वास मैले लिएको छु ।

## संस्थागत तथा मानव संशाधन विकास

संस्थाको तीन वर्षे रणनैतिक योजना (२०१८/२०) परिषद्ले अनुमोदन गरेको छ । सोही अनुसार नै समयमै योजनाहरू सम्पन्न गरिने छन् ।

परिषद्ले नयाँ संगठनात्मक संरचनाको अनुमोदन गरेको छ । संस्थाको कार्य सहज तथा प्रभावकारी रूपमा संचालन गर्न सोही अनुसार प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको नियुक्ति गरिने छ । कर्मचारीहरूलाई स्व-अध्ययन तथा सीपमूलक तालिमको लागि प्रेरित गरिने छ ।

संस्थाको मुख्य कार्यालय तथा शाखा कार्यालयहरूको समयानुकूल संरचनागत सुधार गरिने छ । जसबाट प्रभावकारी रूपमा संस्थाका सदस्य तथा विद्यार्थीहरूले सरल तथा सहज तरिकाबाट सेवा प्राप्त गर्न सक्ने छन् । सदस्य तथा विद्यार्थीहरूलाई सरल तथा सहज तरिकाबाट सेवा प्रदान गर्न सबै प्रदेशमा संस्थाको आफ्नै भवन निर्माण गर्न पहल गरिने छ ।

## प्रिय मित्रहरू,

Aristotle को विवेकशील भनाई यहाँ राख्न सान्दर्भिक ठान्दछु । उनकै शब्दमा, “We are what we repeatedly do. Excellence, then, is not an act, but a habit” । त्यस कारण कामलाई भोकको रूपमा लिऔं । सामूहिक रूपमा कार्य गरे धेरै उपलब्धी प्राप्त गर्न सकिन्छ । म संस्था, पेशा तथा राष्ट्रको उन्नतिको लागि यहाँहरूबाट निर्देशन, सुझाव र सहयोगको आशा गर्दछु । मलाई आशा छ कि यस परिषद्ले नेपाल सरकार, महालेखा परीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड र अन्य नियमनकारी निकायहरू, FNCCI, CNI, पार्षद्हरू, पूर्व अध्यक्षहरू, पूर्व पार्षद्हरू, संस्था अन्तर्गतका बोर्डहरू, विभिन्न समितिहरू, व्यावसायिक संगठनहरू, संस्थाको व्यवस्थापन र कर्मचारीहरूबाट संस्थालाई अघि बढाउन सहयोग प्राप्त गर्ने छ ।

धन्यवाद !!

सिए. जगन्नाथ उपाध्याय (निरौला)
अध्यक्ष

उक्त अवसरमा कार्यक्रमका विशेष अतिथिहरू साफाका अध्यक्ष एवं संस्थाका पूर्व अध्यक्ष सिए. (डा.) सुबोध कुमार कर्ण र माननीय महालेखापरीक्षक टंकमणि शर्मा (दंगाल), कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले समेत आफ्नो धारणा राख्नु भएको थियो ।

संस्थाका नव निर्वाचित उपाध्यक्ष सिए. कृष्णप्रसाद आचार्यले कार्यक्रम सफलतापूर्ण सम्पन्न भएको र कार्यक्रमलाई सफल बनाउन आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार

२०७५ श्रावण १ गते संस्थाका नव निर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा नव निर्वाचित पार्षद्हरूको सपथ ग्रहण समारोहको अवसर पारेर काठमाडौंमा राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार, २०१७ वितरण गरिएको थियो ।

सार्वजनिक तथा निजी क्षेत्रका प्रतिष्ठानहरूले तयार गरेका वार्षिक प्रतिवेदन संस्थामा पेश गरी ती प्रतिवेदनहरूको मूल्याङ्कनमा अधिकतम अंक ल्याउन सफल हुने Banking Sector (Private and Public Sector), Manufacturing Sector, Service Sector र General Sector गरी ४ वर्गका संस्थाका प्रतिनिधिलाई कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार विजेता निम्न संघ संस्थाहरूलाई वितरण गर्नु भएको थियो ।

| Sector | Winner | First Runner up | Second Runner Up |
|---|---|---|---|
| Banking Sector (Private & Public Sector) | Citizen Bank International Ltd. | Standard Chartered Bank Nepal Ltd. | Nepal SBI Bank Ltd. |
| Manufacturing Sector | Bottlers Nepal Ltd | Butwal Power Company Ltd. | |
| General Sector | Karja Suchana Kendra Ltd. | | |
| Service Sector | Oriental Hotels (Radisson Hotel) | | |

सो कार्यक्रममा पुरस्कार विजेताहरूको तर्फबाट सिटिजन बैंक ईन्टरनेशनल लि. का कार्यकारी प्रमुख सिए. राजन सिंह भण्डारीले उत्कृष्ट प्रतिवेदन पुरस्कार प्रदान गर्ने प्रचलनले संगठित क्षेत्रका संस्थाहरूलाई हौसला प्राप्त भएको धारणा राख्नु भएको थियो ।




*माननीय अर्थमन्त्री डा. युवराज खतिवडा राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार वितरण गर्नु हुँदै ।*

कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले आफ्नो धारणा राख्ने क्रममा रणनीतिक योजना मात्र बनाएर मात्र अधि बढ्न नसकिने हुनाले त्यसको कार्यान्वयनमा ध्यान दिनुपर्ने कुरामा संस्थालाई ध्यानाकर्षण गराउनु भयो । लेखापरीक्षकहरूले आफ्नो जिम्मेवारीलाई राम्रोसँग निभाउनु पर्ने र फेयर विजिनेश गर्नुपर्ने सुझाव दिनुभयो । संस्थाले आफूले प्राप्त गरेको अधिकारलाई निश्पक्ष रूपमा पालना गर्न सुझाव दिनु भयो ।

## Governance for National Prosperity सम्बन्धी सम्मेलन

२०७५ श्रावण १ गते संस्थाले काठमाडौंमा संस्थाका नव निर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा नव निर्वाचित पार्षद्हरूको सपथ ग्रहण समारोहको अवसर पारेर Governance for National Prosperity सम्बन्धी सम्मेलन आयोजना गऱ्यो । अध्यक्षको मन्तव्यबाट कार्यक्रम शुभारम्भ भएको थियो ।




*सम्मेलनको पहिलो सत्रको एक झलक ।*

सम्मेलन निम्न अनुसार संचालन गरिएको थियो । विभिन्न सत्रका कार्यपत्र प्रस्तुतकर्ता तथा सभापति निम्न अनुसार रहनु भएको थियो ।

| | | |
|---|---|---|
| **First Session** | NOCLAR - Ethical Guidelines for Professional Accountants | **Chairman: CA. KK Singh, Past President, ICAN**<br>**Paper Presenter:** CA. Nanda Kishor Sharma, Past Chairman AuSB, Nepal |
| **Second Session** | Objectives and Priorities of Federal Budget 2075/76 | **Chairman:**Mr. Sishir Dhungana, Revenue Secretary, Ministry of Finance<br>**Paper Presenters:** CA. Sudarshan Raj Pandey, Past President, ICAN |
| **Third Session (Panel Discussion)** | Corporate Governance : Challenges & Way Forward | **Chairman/Moderator:**<br>• CA. Prakash Jung Thapa, President, ICAN<br>**Panelists:**<br>• Dr. Rewat Bahadur Karki Chairman, Securities Board of Nepal<br>• Mr. Bhoj Raj Sharma, Insurance Exprt |

## 21st Plenary of Asia Pacific Group on Money Laundering मा सहभागिता

अर्थ मन्त्रालयले मिति २०७५ श्रावण ६ देखि ११ गते सम्म काठमाडौंमा Asia Pacific Group on Money Laundering (APG)को एक्काइसौं बैठक आयोजना गरेको थियो । बैठकमा पारस्परिक मूल्यांकन प्रतिवेदन, सुशासन तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐनको पालनाका विषयहरूमा छलफल भएको थियो । बैठकमा करीब ४५० विदेशी र ५० स्वदेशी गरी कूल ५०० को सहभागिता रहेको उक्त बैठकमा संस्थाका तर्फबाट उप-निर्देशक सिए. घनश्याम काफ्लेको सहभागिता रहेको थियो ।

## शाखा समन्वय समितिका सभापतिहरूसँग बैठक

२०७५ श्रावण ८ गते संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, उपाध्यक्ष सिए. कृष्णप्रसाद आचार्य, कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हा र विभागीय प्रमुखहरूले बुटवल, विराटनगर, विरगंज र पोखराका शाखा समन्वय समितिका सभापतिहरूसँग बैठक बसी शाखा कार्यालयहरूको गतिविधीहरूबारे छलफल गर्नुभयो । बैठकमा शाखा कार्यालयहरूको प्रभावकारिताको विषयमा छलफल हुंदा आगामी दिनहरूमा शाखा कार्यालयहरूले कार्यतालिका बनाई सोको पालना गर्ने प्रतिबद्धता जनाउनु भयो ।

## Seminar on NFRS Based Financial Statement Format - NRB

२०७५ श्रावण १२ गते नेपाल बैंकर्स एसोसिएसन र Times Research and Training Institute को आयोजनामा "NFRS Based Financial Statement Format issued by NRB" विषयमा सेमिनारको आयोजना भएको थियो । सेमिनारमा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) को पालना र सोको कार्यान्वयन तरिका (Modality) र कार्यान्वयनमा आउन सक्ने चुनौतीहरू, नेपाल राष्ट्र बैंकले तयार गरेको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) को आधारमा वित्तीय प्रतिवेदनको ढाँचा, कर सम्बन्धी जटिलताहरूको विश्लेषण गरिएको थियो । सेमिनारमा संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले Panelist को रूपमा भाग लिनु भएको थियो ।

## महालेखापरीक्षकज्यूसँग भेट तथा छलफल

संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला र उपाध्यक्ष सिए. कृष्णप्रसाद आचार्यले २०७५ श्रावण १४ गते माननीय महालेखापरीक्षक टंकमणि शर्मा दंगालज्यूसँग भेट गर्नु भयो । भेटमा अध्यक्षले लेखा व्यवसायसँग सम्बन्धित समसामयिक विषयमा छलफल गर्नुका साथै संस्थाले लेखापरीक्षणको गुणस्तरीयता र यस सम्बन्धी क्रियाकलापहरू तथा अनुगमन समिति र अनुशासन समितिका गतिविधिहरूका बारेमा जानकारी गराउनु भएको थियो ।

## अन्तरक्रिया कार्यक्रममा सहभागिता

२०७५ श्रावण २१ गते नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघले बोनस र स्टक प्रमाणीकरण विषयमा चार्टर्ड एकाउन्टेन्टहरूको राय सुझाव सङ्कलन गरी एकरूपतामा ल्याउने उद्देश्यले एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । जसमा संस्थाका पार्षदहरू, पूर्व अध्यक्षहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा बोनस ऐन, २०३० मा देखिएका बोनस गणना गर्ने सम्बन्धी विरोधाभास बुँदाहरू र सर्वोच्च अदालतबाट इन्दुशंकर चिनी उद्योग लिमिटेडको मुद्दामा भएको फैसला बारेमा विस्तृत छलफल भएको थियो ।

## अन्तरक्रिया कार्यक्रममा सहभागिता

२०७५ श्रावण २२ गते नेशनल ब्यूरो अफ प्रोफेशनल सर्भिसेज प्रा.लि. ले माननीय महालेखापरीक्षक टंकमणि शर्मा दंगालज्यूको आतिथ्यमा आयोजना गरेको नेपालको संघीय संरचना अन्तर्गत कर प्रशासनमा लेखापरीक्षकको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा संस्थाका तर्फबाट अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला अतिथिको रूपमा सहभागी हुनु भयो । कार्यक्रममा देश सङ्घीय संरचनामा गैसकेको परिप्रेक्षमा राजस्व व्यवस्थापनमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नियमनकारी निकायको रूपमा भूमिकाका बारेमा छलफल गरिएको थियो । कार्यक्रममा अध्यक्षले संस्थाका सदस्यहरूले सदैव कर प्रणालीको पालना गरेको र प्रदेशहरूमा राजस्व व्यवस्थापनको लागि यस संस्था तथा संस्थाका सदस्यहरूसँग सहकार्य निकै फलदायी हुने बताउनु भयो ।

## बीमा समितिमा NFRS कार्यान्वयनसम्बन्धी बैठकमा सहभागिता

२०७५ श्रावण २४ गते बीमा समितिले आयोजना गरेको NFRS कार्यन्वयन सम्बन्धी बैठकमा संस्थाको प्रतिनिधिहरूले सहभागिता रह्यो । बैठकमा NFRS लागू भइसकेको परिप्रेक्षमा यसको कार्यान्वयनको लागि प्रतिवेदनको ढाँचा बीमा समितिबाट जारी गरिएको निर्देशिका उपर छलफल भएको थियो । बैठकमा निर्जीवन बीमा कम्पनीका प्रतिनिधिहरू, बीमा समितिका कन्सलटेन्टहरू तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## महालेखा नियन्त्रकसँग बैठक

२०७५ श्रावण २५ गते संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला तथा संस्थाका कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हाले महालेखा नियन्त्रक सुरेश प्रधानसँग भेट गरी संस्था तथा महालेखा नियन्त्रकको कार्यालयको आपसी सहयोगका क्षेत्र बारेमा विस्तृत रूपमा छलफल गर्नु भयो ।

## लोकसेवा आयोगका प्रतिनिधिहरूसँग बैठक

२०७५ श्रावण २७ गते संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला र सह-निर्देशक श्याममणि दाहालले लोक सेवा आयोगका अध्यक्ष उमेश प्रसाद मैनालीसँग भेट गरी नेपाल सरकारको विभिन्न क्षेत्रमा संस्थाका सदस्यहरूलाई विशेषज्ञको रूपमा राजस्व प्रशासन, नीति निर्माण, सरकारी निकायहरूको लेखापरीक्षण, सार्वजनिक वित्तीय व्यवस्थापन तथा परामर्शदाताको कार्यको लागि नियुक्ति गर्ने सम्भावनाहरू माथि छलफल गर्नु भयो । सो बैठकमा अध्यक्ष उपाध्यायले देशलाई चाहिने दक्ष जनशक्ति प्रदान गर्ने संस्थाको दायित्व रहेको र यसमा संस्था सदैव प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नु भयो ।

## नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूसँग भेट

२०७५ श्रावण २९ गते संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, उपाध्यक्ष सिए. कृष्णप्रसाद आचार्य, पार्षद आरए. केदारनाथ पौडेल, अडानका अध्यक्ष आरए. मोहन राज रेग्मी तथा अडानका अन्य पदाधिकारीहरूले नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय लालबाबु पण्डीतज्यूसँग भेट गर्नु भयो । भेटका अवसरमा मुलुक सङ्घीय संरचनामा गएपछिको अवस्थामा संस्थाका सदस्यहरूले भोगिरहेका समस्याका बारेमा विस्तृत छलफल भयो । संस्थाका अध्यक्ष उपाध्यायले संस्थाले पेशागत प्रमाणपत्र जारी गर्ने ढाँचा र सो अनुरूप लेखापरीक्षण गर्ने लेखापरीक्षकहरूको सूची राख्ने व्यवस्थाको बारेमा अवगत गराउनु भयो । सो सूची स्थानीय निकायहरूलाई संस्थाबाट माग भए अनुसार उपलब्ध गराउन सकिने जानकारी पनि गराउनु भएको थियो । संस्थाका सदस्यहरूले आफ्नो क्षेत्र अनुसार संस्थामा सूचि दर्ता गराउने हुँदा स्थानीय तहमा पुनः दर्ता गराउनु नपर्ने विषयमा प्रकाश पार्नु भएको थियो ।

## नेपाल धितोपत्र बोर्डले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागिता

२०७५ श्रावण ३१ गते नेपाल धितोपत्र बोर्डले आयोजना गरेको Alternative Investment Fund Regulation, 2075 विषयक अन्तरक्रिया कार्यक्रममा संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला र उपाध्यक्ष सिए. कृष्णप्रसाद आचार्यको उपस्थिति जनाउनु भयो । संस्थाक अध्यक्षले पूँजी बजारको विस्तारको लागि आवश्यक सहयोग गर्न संस्था तयार रहेको धारणा राख्नु भएको थियो ।

## A Technical Session on Financial Reporting विषयमा दुई दिने तालिमको आयोजना

२०७५ भाद्र ७ र ८ गते संस्थाको Financial Reporting Review समितिले समितिका सदस्यहरूलाई नेपाल राष्ट्र बैंकले तोकेको वार्षिक प्रतिवेदनको ढांचाबारे जानकारी गराउने उद्देश्यले "A Technical Session on Financial Reporting" विषयमा दुई दिने तालिमको आयोजना गऱ्यो । कार्यक्रमको सभापतित्व Financial Reporting Review समितिका सभापति तथा पूर्व अध्यक्ष सिए. प्रकाश लम्सालले गर्नु भएको थियो । कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हाको उपस्थिति रहेको थियो ।

## राजस्व अनुसन्धान विभागका महानिर्देशकसँग भेटघाट

२०७५ भाद्र १२ गते संस्थाका अध्यक्ष सिए जगन्नाथ उपाध्याय निरौला, उपाध्यक्ष सिए. कृष्णप्रसाद आचार्य र कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हाले राजस्व अनुसन्धान विभागका महानिर्देशक दीर्घराज मैनाली तथा अन्य पदाधिकारीहरूसँग भेटघाट गर्नु भयो । भेटमा कर छली तथा सम्पति शुद्धीकरण सम्बन्धमा छलफल गर्दै यस्ता गतिविधिहरू नियन्त्रण गर्न लेखापरीक्षकहरूको भूमिकाका विषयमा छलफल भएको थियो । सो कार्यमा आपसी सहयोग बढाउन दुबै संस्थाबाट छलफल कार्यक्रम आयोजना गर्ने प्रतिबद्धता जनाइएको थियो ।

## आन्तरिक राजश्व विभागका महानिर्देशकसँग भेट तथा छलफल

२०७५ भाद्र १२ गते संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, उपाध्यक्ष सिए. कृष्णप्रसाद आचार्य र कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हाले आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णु प्रसाद नेपालसँग भेट तथा छलफल गर्नु भयो । उक्त भेटमा कर प्रणालीलाई सुदृढ पार्न दुई पक्ष बीच हुन सक्ने संभावित सहयोगका विषयमा छलफल गरिएको थियो ।

## नेपाल लेखामान तथा Carve Out Proposal सम्बन्धी अन्तरक्रिया कार्यक्रम

२०७५ भदौ १६ गते नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले वाणिज्य बैंकहरूले आफ्नो वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा कार्यान्वयनका क्रममा देखिएका समस्याहरू समाधानका लागि संस्था, नेपाल लेखामान बोर्ड तथा नेपाल बैंकर्स एसोसिएसन को प्रतिनिधित्वमा गठित उच्च स्तरीय NFRS Implementation Committee को बैठकबाट NFRS कार्यान्वयन सम्बन्धमा देखिएका उल्लेखित विषयहरूको Carve-out बनाई सोको प्रस्तुतिकरण गर्न अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । Carve Out Proposal र NFRS for MEs and NPOs का बारेमा क्रमशः नेपाल राष्ट्र बैंकको तर्फबाट सिए. जगदिश कुमार र नेपाल लेखामान बोर्डका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष, उपाध्यक्ष, पार्षदहरू, महालेखापरीक्षक कार्यालयका प्रतिनिधि, महालेखा नियन्त्रक कार्यलयका प्रतिनिधि लगायत लेखामान बोर्डका प्रतिनिधिहरूको उपस्थिति रहेको सो कार्यक्रम दुई सत्रमा संचालन गरिएको थियो ।

कार्यक्रममा २९ जनाको सहभागिता रहेको थयो । कार्यक्रमका सहभागीहरूलाई उपाध्यक्ष सिए. कृष्णप्रसाद आचार्यले सहभागिताको लागि धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

# विद्यार्थीसम्बन्धी गतिविधि

## व्यवस्थापन तथा संचार सीप तालिम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि संस्थाको भवनमा २२ अगष्ट देखि ७ सेप्टेम्वर, २०१८ सम्म व्यवस्थापन तथा संचार सीप तालिम सञ्चालन गऱ्यो । चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरा गरी संस्थाको चार्टर्ड एकाउन्टेन्टको सदस्यता लिन र लेखा प्राविधिज्ञको अनुमतिपत्र प्राप्त गर्न चाहनेहरूले यो तालिम अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था छ । तालिममा १४ जना विद्यार्थीहरूले सहभागिता जनाएका थिए । उक्त तालिममा सहभागी भएका विद्यार्थीहरूलाई होटल न्याडिसनमा प्रमाणपत्र वितरण समारोहको आयोजना गरिएको थियो ।

## विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्नेहरूको लागि एक बर्ष Internship

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ (पाँचौं संशोधन) को नियम ४१ (क) ले विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता हासिल गर्नेहरूको लागि संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न एक बर्ष Internship गर्नुपर्ने व्यवस्था गरेको छ । जुलाई २०१८ देखि सेप्टेम्वर २०१८ सम्म भारतको ICAI बाट परीक्षा उत्तीर्ण गरेका कूल ४० जनाले एक बर्ष Internship को लागि आफ्नो नाम दर्ता गराएका थिए ।

## सिए सदस्यता परीक्षा तथा सिए परीक्षाको नतिजा प्रकाशित

संस्थाले २०१८ जून महिनामा सञ्चालन गरेको सिए सदस्यता परीक्षा तथा सिए परीक्षाको नतिजा अगष्ट १४, २०१८ मा प्रकाशित गरेको छ । परीक्षाको नतिजा अनुसार सदस्यता परीक्षा तर्फ १६ जना परीक्षामा उत्तीर्ण भएका छन् । उत्तीर्ण परीक्षार्थीले संस्थाले निर्धारण गरेको आवश्यक प्रकृया पूरा गरी संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन् । त्यसैगरी, CAP-I का ४४५ जना CAP-II मा, CAP-II का २१० जना CAP-III मा भर्ना हुनको लागि योग्य भएका छन् । CAP-III का ३२ परीक्षार्थीहरूले संस्थाले तोकेको आवश्यक प्रकृया पूरा गरी संस्थाको सदस्यता प्राप्त गर्न सक्ने छन् ।

## विद्यार्थी भर्ना

लेखा व्यवसायमा संलग्न हुन चाहने विद्यार्थीहरूको निमित्त चार्टर्ड एकाउन्टेन्सी कोर्ष आकर्षक कोर्षको रूपमा रहदैं आएको छ । जुलाई २०१८ देखि सेप्टेम्वर २०१८ सम्मको अवधिमा निम्न अनुसार नयाँ विद्यार्थीहरूले सिए कोर्षका बिभिन्न तहमा आफ्नो नाम दर्ता गराएका छन् ।

| तह | CAP I | CAP II | CAP III |
|---|---|---|---|
| भर्ना स्थिति | १०६ | ४७१ | ११७ |

# सदस्यसम्बन्धी गतिविधि

## NFRS for SMEs and its Impact in Corporate Sector सम्बन्धी कार्यशाला गोष्ठी

संस्थाले १८ देखि १९ सेप्टेम्बर, २०१८ मा बिराटनगरमा दुई दिने NFRS for SMEs and its Impact in Corporate Sector सम्बन्धी कार्यशाला गोष्ठी आयोजना गऱ्यो । संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाको उपस्थिति रहेको उक्त कार्यशाला गोष्ठीमा ६६ जना संस्थाका सदस्यहरूको उपस्थिति रहेको थियो । कार्यशाला गोष्ठीमा सिए. अमन उप्रेती र सिए. अश्विनी बंशलले सहभागीहरूलाई श्रोत व्यक्तिको रूपमा साना तथा मझौला संस्थाहरूमा नेपाल वित्तीय प्रतिवेदनमान र कर्पोरेट क्षेत्रमा यसको प्रभावको बारेमा जानकारी प्रदान गराउनु भएको थियो । उक्त कार्यशाला गोष्ठीमा संस्थाका कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हाको समेत उपस्थिति रहेको थियो । कार्यशाला गोष्ठीका सहभागीहरूलाई ६ क्रेडिट आवर प्रदान गरिएको थियो ।

सोही अवसरमा अध्यक्ष र कार्यकारी निर्देशकले सिए अध्ययनरत विद्यार्थीहरू तथा तिनका अविभावकहरू, संस्थाका सदस्यहरू, शाखा समन्वय समितिका पदाधिकारीहरू, स्थानीय नगरपालिकाका पदाधिकारीहरू, बैंक तथा उद्योगी व्यवसायी संस्थाका पदाधिकारीहरू, स्थानीय कर कार्यालयका पदाधिकारी लगायत सरोकारवालाहरूसँग छुट्टाछुट्टै अन्तरकिया गर्नु भएको थियो ।

## नयाँ चार्टर्ड एकाउन्टेन्टहरूको संस्थामा दर्ता

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १६(२) बमोजिम १ जुलाई २०१८ देखि सेप्टेम्बर २०१८ सम्ममा संस्थामा नयाँ दर्ता भएका ९ चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको नामावली निम्न अनुसार रहेको छ ।

| S. No | Mem. No. | Name | S. No | Mem. No. | Name |
|---|---|---|---|---|---|
| 1. | 1307 | ROHIT DHITAL | 2. | 1308 | SURAJ KHATRI |
| 3. | 1309 | ROSHAN ACHARYA | 4. | 1310 | MANDIP ADHIKARI |
| 5. | 1311 | SURESH PYATHA | 6. | 1312 | RESHA SHRESTHA |
| 7. | 1313 | PRABHANJAN REGMI | 8 | 1314 | ANIL BANJARA |
| 9. | 1315 | RABINDRA GHIMIRE | | | |

# अन्तर्राष्ट्रिय सम्बन्ध

## साफा कमिटि, साफा अन्तर्राष्ट्रिय सम्मेलन र साफा बोर्ड बैठक

संस्थाका तत्कालीन अध्यक्ष सिए. प्रकाशजंग थापाले नेतृत्व गर्नु भएको टोलीले भारतको नयाँ दिल्लीमा २८ देखि ३० जुन २०१८ सम्म आयोजना भएको ३९ औं SAFA Committee on Education, Training and CPD को बैठक, साफा अन्तर्राष्ट्रिय सम्मेलन र ५३ औं साफा बोर्ड बैठकमाभाग लियो ।

२८ जूनमा भएको SAFA Committee on Education, Training and CPD को बैठकमा SAFA Commerce Olympiad, अन्तर्राष्ट्रिय लेखा दिवस, साफा सदस्य संस्थाहरूको सी.पी.ई अनुगमन, साफा विद्यार्थी कन्फरेन्स, विद्यार्थी आदान प्रदानका विषयमा छलफल भएको थियो । त्यसैगरी, २९ जून २०१८ मा आयोजित Professional of the Future-2018 नामक साफा अन्तर्राष्ट्रिय सम्मेलनमा समेत सहभागिता जनाएको थियो । त्यस्तै सो टोलीले ३० जूनमा भएको साफा बोर्ड बैठकमा समेत भाग लिएको थियो ।

टोलीका अन्य सदस्यहरूमा तत्कालीन उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय (निरौला), पार्षदहरू यादव प्रसाद न्यौपाने, मुकुन्द राज पन्थी, पूर्व अध्यक्ष सिए. मधु विर पाण्डे र सह निर्देशक विनोद प्रसाद न्यौपाने रहनु भएको थियो ।

## संस्थाका पदाधिकारीहरूको ICAEW भ्रमण

संस्थाका कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हा, का.मु निर्देशक विनोद प्रसाद न्यौपाने र सह निर्देशक सिए. किरण कुमार खत्री ११ अगष्ट देखि २० अगष्ट सम्म ICAEW को भ्रमणमा जानु भएको थियो । एशियन विकास बैंक र CAPA को समन्वय तथा ICAEW को प्रविधिक सहयोगमा Quality Assurance सम्बन्धी तालिमको लागि उहाँहरूले ICAEW को भ्रमण गर्नु भएको थियो ।

## साफा बोर्ड तथा FRED-III कन्फरेन्समा सहभागिता

संस्थाका अध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले नेतृत्व गर्नु भएको टोलीले ICAP र ICMA Pakistan ले पाकिस्तानको कराँचीमा साफाको बोर्ड बैठक तथा २४ सेप्टेम्बर २०१८मा आयोजना भएको FRED-III Conference मा सहभागिता जनायो ।

२४ सेप्टेम्बर मा आयोजित Financial Reform for Economic Development(FRED)-III अन्तर्गत Maximizing Private Sector Finances and Solution for Development शीर्षकमा सो सहभागी टोलीले सहभागिता जनाएको थियो । सो कन्फरेन्सले सार्वजनिक-निजी साझेदारीलाई बढी प्राथमिकता दिएको थियो । सहभागी टोलीका अन्य सदस्यहरूमा पार्षद् द्वय आरए. अव्दुल करिम खाँ र आरए. मीरा श्रेष्ठ तथा संस्थाका कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हा रहनु भएको थियो ।

## आ.व. २०७५/७६ को सी.पी.ई. तालिम कार्यक्रम सम्बन्धी सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आ.ब. २०७५/७६ मा संचालन हुने तालिमहरू निम्न मिति र स्थानमा संचालन हुने भएकोले इच्छुक सदस्य महानुभावहरूले आफ्नो उपयुक्त स्थान र मितिमा सम्बन्धित संस्थाहरूसँग सम्पर्क गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मिति | स्थान | संचालन गर्ने संस्थाहरू |
|---|---|---|---|
| १. | २०७५ माघ ४, ५ र ६ | ईलाम/पोखरा | LABA / AuDAN |
| २. | २०७५ माघ २५, २६ र २७ | दाङ्/धनगढी/जनकपुर | ICAN / AuDAN /AuDAN |
| ३. | २०७५ फाल्गुण ३, ४ र ५ | सुर्खेत/काठमाडौं/भैरहवा | CAI / ICAN /PS |
| ४. | २०७५ फाल्गुण १०, ११ र १२ | हेटौडा/नेपालगञ्ज/महेन्द्रनगर | AuDAN / ICAN / AuDAN |
| ५. | २०७५ फाल्गुण १७, १८ र १९ | बिराटनगर/नारायणघाट | PS / AuDAN |
| ६. | २०७५ फाल्गुण २४, २५ र २६ | विर्तामाड/काठमाडौं/बुटवल | AuDAN / LABA / AuDAN |
| ७. | २०७५ चैत्र १, २ र ३ | बिरगंज/बिराटनगर/काठमाडौं | PS / AuDAN / AuDAN |
| ८. | २०७५ चैत्र ८, ९ र १० | पोखरा | ICAN |
| ९. | २०७५ चैत्र २८, २९ र ३० | काठमाडौं | AuDAN |
| १०. | २०७६ बैशाख ६, ७ र ८ | काठमाडौं | ICAN |
| ११. | २०७६ बैशाख १३, १४ र १५ | काठमाडौं | AuDAN |
| १२. | २०७६ बैशाख २०, २१ र २२ | काठमाडौं | AuDAN |
| १३. | २०७६ बैशाख २७, २८ र २९ | काठमाडौं | CAI |
| १४. | २०७६ जेष्ठ ३, ४ र ५ | काठमाडौं | AuDAN |
| १५. | २०७६ जेष्ठ १०, ११ र १२ | काठमाडौं | ICAN |
| १६. | २०७६ जेष्ठ १७, १८ र १९ | काठमाडौं | PS |
| १७. | २०७६ जेष्ठ २४,२५ र २६ | काठमाडौं | AuDAN |
| १८. | २०७६ जेष्ठ ३१, ३२ र असार १ | काठमाडौं | ICAN |
| १९. | २०७६ असार ६, ७ र ८ | काठमाडौं | AuDAN |
| २०. | २०७६ असार १३, १४ र १५ | काठमाडौं | PS |
| २१ | २०७६ असार २०, २१ र २२ | काठमाडौं | ICAN |

**पुनश्चः** प्राविधिक कारणले उपरोक्त समय तालिकामा हेरफेर हुन सक्ने छ । हेरफेर भएको अवस्थामा सूचना मार्फत जानकारी गराइने छ ।

**विस्तृत जानकारीको लागि सर्म्पकः**

१. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN), ललितपुर, फोनः ०१ ५५३०८३२, ५५३०७३०
२. नेपाल अडिटर्स एशोशियसन (AuDAN), काठमाडौं, फोनः ०१४१०२०२३
३. प्रोफेशनल सोलूशन (PS) फोनः ०१ ५२४२८१९, ९८४१५५८३९०
४. सि.एआई. (प्रा) लि. (CAI), काठमाडौं फोनः ०१ ४२४५१२१, ९८४१३३९४९७
५. लावा प्रा. लि. (LABA), काठमाडौं, फोनः ०१ ४१०२७२१, ४१०२७२२, ४१०२७२३


**प्रकाशक : सम्पादक समिति**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**

(Established under the Nepal Chartered Accountants Act, 1997)

ICAN Marg, Satdobato, Lalitpur, **P.O. Box:** 5289, Kathmandu
**Tel:** +977-1-5530832, 5530730, **Fax:** +977-1-15550774
**E-mail:** ican@ntc.net.np, **Website:** www.ican.org.np

Branch Office

**Biratnagar Tel:** 021-47-1395, **Butwal Tel:** 071-543629, **Birganj Tel:** 051-522660,
**Pokhara Tel:** 061-537679, **Napalganj Tel:** 081-525916, **Dhangadi Tel:** 091-527493